सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक ११० ♦ २०८० साल पुस २५ गते बुधवार ♦ 10 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## जनकपुरधामको बस स्टेण्डबाट बस चोरी



जनकपुरधामको बसपार्कबाट एक बस चोरी भएको छ ।जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवालेका अनुसार ना ४ ख २३२७ नवदुर्गा ट्राभल्स चोरी भएको छ ।

जनकपुरदेखि महोत्तरीको भिट्ठामोडसम्म संचालन हुने यो बस सोमवार बस पार्कमा पार्किङ गरी राखिएको थियो ।

महोत्तरीको पिपरा गाउँपालिका ३ बस्ने कालिन्द्र मिश्रा संचालक रहेको उक्त बस अरू जिल्लामा बेवारिसे अवस्थामा रहेको जानकारी आएकोले थप बुझ्ने प्रयास डिएसपी अवालेले बताए । मंगलवार अपराहन्न ४ बजे बसपार्कमा जाँदा बस नदेखेपछि उजुरी आएको प्रहरीले जनाएको छ ।-खबर दर्पण

## असई थमन विक हत्या आरोपमा जन्मकैद पाएका ठाकुर जेल चलान

**खबर दर्पण समाचारदाता**

**पुस २४ गते, बर्दिवास**

मधेस आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्या आरोपमा जन्मकैदको सजाय पाएकामध्ये एक जनालाई प्रहरीले पक्राउ गरेर जेल चलान गरेको छ।

विक हत्यामा जेल चलान हुनेमा जलेश्वर नगरपालिका वडा नम्बर ९ परिकौली बस्ने मोहन ठाकुर रहेको छ।



जिल्ला अदालत महोत्तरीले मंसीर २८ गते मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्याको घटनाको फैसला सुनाउँदै सो घटनामा संलग्न रहेका सात जनालाई जन्मकैदको सजाय तथा दुई जनालाई सफाइ दिएको थियो।

जिल्ला अदालत महोत्तरीले असई थमन विकको हत्यामा संलग्न भएको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी (लासपा) नेपालको मधेश प्रदेशका संसदीय दलका नेता तथा पूर्व सामाजिक विकास राज्यमन्त्री अभिराम शर्मा, हत्याको आरोपमा धरौटीमा रिहा भएका मोहन ठाकुर, जलेश्वर नगर पालिकाका पूर्व नगर प्रमुख रामशंकर मिश्र, लोसपाका महासचिव सुरेश पाण्डेय तथा धर्मेन्द्र रायलाई जन्मकैदको फैसला गरेको हो। त्यसैगरी हत्याको आरोपमा कारागारमा रहेका प्रदीप साह र सञ्जय कुमार साहलाई समेत जन्म कैदको फैसला भएको हो।

*बाँकी पृष्ठ २ मा*

## कथित ‘तपस्वी’ रामबहादुर बम्जन पक्राउ

**खबर दर्पण समाचारदाता**

**पुस २३ गते, महेन्द्रनगर**

लामो समयदेखि प्रहरीको खोजी सूचीमा रहेका रामबहादुर बम्जन पक्राउ परेका छन् । बम्जनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले बूढानीलकण्ठ क्षेत्रबाट पक्राउ गरेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले जानकारी दिनुभयो ।

कडायतले भन्नुभयो, “विभिन्न उजुरीका आधारमा प्रहरीको खोजी सूचीमा रहेका बम्जनलाई सिआइबीको टोलीले बूढानीलकण्ठ क्षेत्रबाट आज साँझ ७ बजे पक्राउ गरेको हो ।”

बम्जनको आश्रमबाट आनीसहित चार जना सम्पर्कविहीन भएको उजुरी परेपछि प्रहरीले लामो समयदेखि उनको खोजी गरिरहेको थियो । रासस



## मिटरब्याज पीडितमाथि खुकुरी प्रहार गरेको आरोपमा एक जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**पुस २३ गते, महेन्द्रनगर**

सिरहामा मिटरब्याज पीडितमाथि खुकुरी प्रहार गरेको आरोपमा एक जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सिरहाको कल्याणपुर नगरपालिका-८ अरङका घर भएका रामबाबु साह छन्।

साहले सोही ठाउँका मिटरब्याज पीडित सञ्जयकुमार कामतीमाथि खुकुरी प्रहारको प्रयास गरेका थिए। सोमबार खुकुरी प्रहारको प्रयास गरेको भीडिओ सामाजिक सञ्जालमा समेत भाइरल भएको थियो।

भीडीओ भाइरल भएपछि मंगलबार इलाका प्रहरी कार्यालय मिर्चैयाले साहलाई पक्राउ गरेको हो। अहिले दुवै पक्षबीच जिल्ला प्रशासन कार्यालयमा छलफलसमेत चलिरहेको छ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाँदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# बटेश्वर गाउँपालिकाका अति विपन्न २५ जनलाई साहले बाँडे बल्यांकेट



चिसो प्रभावित बटेश्वर गाउँपालिकाका २५ जना अति विपन्न तथा असहायलाई न्यानो वितरण गरिएको छ ।

बटेश्वरका स्थानीय समेत रहेका महेन्द्रनगरको गंगोत्री बोर्डिंग स्कुलका संचालक गाणेश साहले आफ्नो निजी खर्चबाट बल्यांकेट वितरण गरेका हुन् ।

विपन्न अशक्त असहायलाई जाडोबाट बच्नका निम्ति बल्याङकेट वितरण गरेको साहले बताए । उनले जाडो प्रभावित अति विपन्न, असहाय अशक्तलाई बल्यांकेट वितरण गर्ने क्रम जारी रहेको बताए ।-खबर दर्पण

# असई थमन विक हत्या....

महोत्तरी जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले महोत्तरी क्षेत्र नम्बर १ बाट निर्वाचित भएका एमालेका सांसद लक्ष्मी महतो कोइरी र थमन विकको हत्या आरोपमा पक्राउ परेर पाँच वर्षदेखि कारागारमा रहेका पवन कापरलाई सफाइ दिएको थियो।

थमन विक हत्याको आरोपमा धरौटीमा रिहा हुनुभएका मोहन ठाकुरलाई सिन्धुलीबाट पक्राउ गरेर जेल चलान गरिएको हो। पक्राउ ठाकुर लेनदेन मुद्दामा सिन्धुली कारागारबाट सजाय काटी निस्कनै लाग्दा प्रहरीले तत्कालै नियन्त्रणमा लिएर महोत्तरी कारागारमा सजाय भुक्तानको लागि पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता दिलीप कुमार गिरीले जानकारी दिए।

यस भन्दा अगाडि ठाकुर पहिलोपटक पक्राउ गरेर दुई महिना २५ दिन कारागार बसेर धरौटीमा रिहा भएका थिए ।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**महोत्तरी गाउँपालिका**

**महोत्तरी**


# गौर भन्सार कार्यालयद्वारा बरामद गरिएका सवारीसाधनको लिलामी प्रक्रिया सुरु

**खबर दर्पण समाचारदाता**

**पुस २४ गते, बर्दिवास**

विभिन्न मुद्दामा बरामद गरी जिल्ला भन्सार कार्यालय गौरमा दाखिला गरिएका सवारीसाधन समयमा लिलाम नहुँदा कवाडी बन्दै गएपछि लिलामी प्रक्रिया अघि बढाएको छ।

२०७५ सालदेखि नै अलपत्र अवस्थामा थन्किएका दुई हजार भन्दा बढी सवारी साधनको समयमै लिलाम नगरिँदा कबाडी बनेको सर्वत्र चर्चा चलेपछि कार्यालयले ती गाडीको चालु आर्थिक वर्ष मै लिलाम गर्ने गरी पक्रिया अघि बढाएको छ ।



नेपाल प्रहरी र सशस्त्र प्रहरीले विभिन्न मितिमा पक्राउ गरी दाखिला गरेका करोडौं मूल्य बराबरका दुई पाङ्गे र चार पाङ्गे सवारीसाधन अलपत्र र अव्यवस्थित अवस्थामा रहेको कारण घाम, वर्षा, शीत, डुबान लगायत कलपुर्जा चोरीले गर्दा अधिकांश गाडी थोत्रा(कबाडी) बनेको सहजै अनुमान लगाउन सकिन्छ ।

विगत पाँच वर्षदेखि भन्सार कार्यालय परिसरमा थन्किएका ६० वटाभन्दा बढी चार पाङ्गे र दुई हजारभन्दा बढी दुई पाङ्गे सवारीका साधनलाई हाल भन्सार कार्यालय नजिकै रहेको सशस्त्र प्रहरी क्याम्पको चौरमा व्यवस्थित तरिकाले राखी गाडीको 'इन्जिन' तथा 'चेचिस' नम्बर टिप्ने कार्य भएको भन्सार कार्यालयका सूचना अधिकारी रेवतीराम रोक्काले जानकारी दिनुभयो ।

उहाँ भन्नुहुन्छ, "गाडीको इन्जिन तथा चेचिस नम्बर टिप्ने कार्य सकिएपछि त्यसको लगत सम्बन्धित डिलरमा पठाई उत्पादन वर्षको जानकारी लिइन्छ । त्यसको आधारमा र गाडीको कण्डिसनको आधारमा इन्जिनियरले मूल्याङ्कन गरेपछि मात्र लिलामको लागि सूचना प्रकाशित गराइन्छ । चालु आर्थिक वर्षभित्रै लिलाम सम्पन्न गरिनेछ ।"

सुरक्षाकर्मीले विभिन्न मितिमा पक्राउ गरी दाखिला गरेका ती सवारीको लिलाम समयमै भएको भए राजस्व पनि राम्रै प्राप्त हुन्थ्यो तर भन्सार कार्यालयको उदासीनताले समयमा लिलाम हुन नसक्दा कबाडी बनेका ती गाडीबाट सोचेजस्तो राजश्व असुल नहुने गौर नगरपालिकाका युवा समाज सेवी अशोक कुशवाहाको गुनासो छ । सुरक्षाकर्मीले चालु हालतमा भन्सार कार्यालय दाखिला गरेको सवारीसाधन अहिले अधिकांश कामै नलाग्ने स्थितिमा रहेको भन्सारका कर्मचारी नै बताउँछन् ।

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष -** काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

**वृष-** मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग

**मिथुन-** आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कर्कट -** दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**सिंह -** साताको सुरुमा शत्रुले दुःख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**कन्या -** सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ ।

**तुला -**परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**वृश्चिक -**स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**धनु -** मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**मकर -**सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**कुम्भ -**चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मीन -**काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# के राष्ट्रियसभा हरुवा, आसेपासे तथा परिवार सङ्घ हो ?

**खबर दर्पण समाचारदाता**

**पुस २४ गते, बर्दिवास**




राष्ट्रियसभा सदस्य निर्वाचनको उम्मेदवारीले यतिखेर सामाजिक सञ्जाल मात्रै तताएको छैन, राष्ट्रिय राजनीतिप्रतिको आम निराशा पनि झन् बढाएको छ । कथित ठूला, पुराना दल 'कहिल्यै सुध्रिने छैनन्' भन्ने एक जबरजस्त भाष्य समाजमा स्थापित हुँदै थियो, त्यसको पुनर्पुष्टि भएको छ ।

यिनै दल तथा नेता भन्दै थिए– 'निराशावाद' को आकासे खेती धेरै भयो । पुराना दल तथा नेता त्यति खराब हैनन्, जति प्रचार गरिदैछ । राज्यप्रतिको अविश्वास प्रायोजित प्रोपोगाण्डा हो । तर, व्यवहारमा भने यिनीहरू आफैं निराशावादको सर्जक र विस्तारकर्ता बनेका छन् ।

उनीहरूले सत्यको यो पाटो बिर्सिरहेका हुन्छन् कि प्रश्न आशा वा निराशावादको हैन, तथ्यसत्यको हो । स्वयम् उनीहरू कस्तो काम र व्यवहार गर्दैछन् ? जनताको अपेक्षा के छ ? लोकतन्त्रको मूल्य, मान्यता को हो ? जनताको अपेक्षा र लोकतन्त्रको मूल्य-मान्यतासँग उनीहरूका क्रियाकलाप र निर्णय किन र कसरी तादम्य छैनन्, त्यसको हेक्का नराखेसम्म निराशावादको प्रायोजन कसैले गर्नै पर्दैन, यो आफैंमा एक सत्यतथ्य, एक तीतो यथार्थ बन्न पुग्दछ । राष्ट्रियसभा उम्मेदवारको सूची र त्यसबाट उत्पन्न प्रतिक्रियाले फेरि एकपटक आम निराशाको सबैभन्दा ठूला कारक तिनै नेता र दल हुन् भन्ने पुष्टि भएको छ । तिनका कर्म, कुकर्म, कृत्य, कुकृत्य नै 'निराशावाद' हो भन्ने पुष्टि भएको छ । जनतासँग साखुल्ले हुन यिनले यदाकदा 'आशावाद' को कुरा गर्छन् । तर, जब मौका पर्छ, तुरुन्तै आफ्नो औकातमा फर्किहाल्छन् ।

लोकतान्त्रिक शासन प्रणालीमा द्विसदनात्मक व्यवस्था किन हुन्छ र माथिल्लो सदन किन चाहिन्छ ? त्यसका आफ्नै अन्तर्राष्ट्रिय मूल्य-मान्यता छन् । बेलायतको 'हाउस अफ लर्डस्' र अमेरिकी 'सिनेट' बाट यो प्रचलन उत्पति र विस्तारित भएको थियो । तर, हाम्रो राष्ट्रिय सभाको प्रकृति र निर्वाचन प्रणाली फरक छ । हाम्रो राष्ट्रिय सभाको उद्देश्य 'समान प्रादेशिक प्रतिनिधित्व, समावेशीता र विज्ञता' हो ।

राष्ट्रिय सभामा त्यस्ता व्यक्तित्वको उपस्थिति हुने अपेक्षा गरिन्छ, जो प्रतिनिधि सभामा हुँदैनन् । मूलतः यो अल्पसङ्ख्यक सामुदायिक नेतृत्व र राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान गरेका राष्ट्रिय प्रतिभाहरूको राष्ट्रिय बहस हुने थलो हो । राष्ट्रिय सभामा हुने प्रतिनिधित्व र बहसले एक भिन्नै गौरव, बौद्धिक उचाइ र गुणस्तर हुनेछ भन्ने अपेक्षा गरिन्छ ।

छिमेकी देश भारतको राज्यसभा अभ्यासलाई हेर्ने हो भने राष्ट्रपतिबाट मनोनित हुने १२ सिटमा मात्र हैन, पार्टीहरूले दिने उम्मेदवारीमा समेत एक प्रकारको ओज र गरिमा हुन्छ । त्यहाँ जावेद अख्तर राज्यसभाको सदस्य हुन सक्दछन् । यहाँनेर शाह वा राजेश हमाल किन कहिल्यै बन्न सक्दैनन् ? प्रतिश नन्दी त्यहाँ राज्य सभाको सदस्य हुन सक्दछन्, यहाँ खगेन्द्र संग्रौला किन वा सीकेलाल किन सक्दैनन् ? अरु त अरु राष्ट्रपतिले मनोनित गर्ने ३ सिटमा समेत तिनै दलका उस्तै कार्यकर्ता ल्याइन्छ ।

के यो अभ्यास राष्ट्रिय सभाको उद्देश्यसँग मिल्छ ? यदि मिल्दैन भने यस्तै अभ्यासका लागि राष्ट्रियसभा राख्ने नै किन ? गरिब देशका गरिब जनताले तिरेको करबाट यिनलाई पाल्ने नै किन ? राष्ट्रिय सभामा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गरेका गैर दलीय व्यक्तित्व हुनु पर्दैन ? यदि पर्दैन भने प्रतिनिधिसभा र राष्ट्रिय सभामा हुने बहसमा कसरी भिन्नता आउँछ ? यदि यस्तो भिन्नता नहुने हो भने भिन्नै राष्ट्रिय सभाको औचित्य कसरी पुष्टि हुन्छ ? के राष्ट्रियसभा राजनीतिक कार्यकर्ताका लागि जागिरको दरबन्दी बढाउन सृजना गरिएको संस्था हो ? बिल्कुलै हैन, तर बनेको छ त्यस्तै ।

अहिले राष्ट्रिय सभामा उम्मेदवारी पाएका अधिकांश निम्न ३ प्रकारका देखिन्छन्, जसले राष्ट्रिभाको गरिमा र गुणस्तर बढाउने कुनै सम्भावना छैन ।

पहिलो– हरुवा नेता । हरेक दलका केही कथित ठूला तथा शक्तिशाली नेता गत आम निर्वाचनमा हारेका थिए । जनादेशको मानकमा ती ५ वर्षका लागि सङ्घीय संसद्रुको सदस्य हुन लायक ठहरिएका थिएनन् । स्मरणीय छ कि राष्ट्रियसभा पनि सङ्घीय संसद्रुको एक अङ्ग हो । तर, तिनमा ५ वर्ष पदबाहिर बस्ने धीरता भएन । तुरुन्तै 'जागिर' चाहियो ।

नेकपा (नेकपा) कालमा वामदेव गौतम र नारायणकाजी श्रेष्ठ जस्ता 'मै हुँ' भन्ने ठूला नेताले यो प्रचलन स्थापित गरेका थिए । अहिले कृष्णप्रसाद सिटौला, आनन्दप्रसाद ढुंगाना र दुर्गा पौडेलहरू यस प्रवृतिका प्रमुख संवाहक पात्र बनेका छन् ।

कृष्णप्रसाद सिटौला आफूलाई नेपाली कांग्रेसका ठूलै नेता ठान्दछन् । सायद हुन पनि । उनी झापा ३ बाट राप्रपाका राजेन्द्र लिङ्देनसँग २ पटक पराजित भएका हुन् । कहिल्यै अवसर नपाएका नेता पनि हैनन् उनी । बारम्बार टिकट पाएका र गृहमन्त्री भइसकेका व्यक्ति हुन् ।

आनन्दप्रसाद ढुंगाना पनि गत चुनावमा प्रतिस्पर्धी र सदाबहार टिकट प्रापक हुन् । ४ पटक मन्त्री भइसकेका ढुंगाना मधेस प्रदेशबाट राष्ट्रिसभा उम्मेदवार छन् । तर, कांग्रसको १० सिटभित्र एक जना पनि मधेसी उम्मेदवार छैन।

दोस्रो– नेताका आसेपासे कार्यकर्ता । नयाँ वा पहिलोपटक अवसर पाएका भनिएका पनि अधिकांश यस्ता उम्मेदवार देखिन्छन्, जसको राष्ट्रिय जीवनमा गरेको कुनै फरक वा विशिष्ठ योगदान के हो भन्ने कसैलाई थाहा छैन । न ती सार्वजनिक जीवनमा चर्चामा छन् ।

सिधै भन्न सकिन्छ कि नेताका गुटका आसेपासे कार्यकर्ता वा प्रचलित भाषामा झोले हुन् । राष्ट्रिय सभामा दलको ह्वीप मान्नेबाहेक तीनले कुनै गुणात्मक तथा सृजनात्मक बहस गर्लान्, तिनको ज्ञान, विज्ञता र विशेषतज्ञताले देश र जनतालाई कुनै फाइदा पुग्ला भनेर अपेक्षा गर्न सकिन्न ।

ठीक छ, राजनीतिक दलकै तर्फबाट उम्मेदवार हुने हुन् । तर, राष्ट्रिय जीवनमा उनीहरूको योगदान हेरिन पर्दैन ? के कुनै नाम चलेको गीतकार, सङ्गीतकार, कलाकार, पत्रकार, साहित्यकार, सिनेकर्मी हुनु पर्दैन ? के कोही अल्पसङ्ख्यक समुदायको विरल व्यक्तित्व तथा सामाजिक, नागरिक वा वातावरणीय अभियन्ता त्यो सूचीमा हुन पर्दैन ?

तेस्रो– परिवार र श्रीमती । सैनिकलगायतका विभिन्न निकायमा श्रीमती सङ्घ बन्ने गरेका छन् । तर, तिनले के काम गर्छन् भनेर कसैलाई थाहा हुँदैन । एकथरि नेताले राष्ट्रिय सभालाई 'छोरी तथा श्रीमती सङ्घ' बनाउन खोजेका छन् । हुन त राष्ट्रिय जनमोर्चा कुनै महत्त्वको राजनीतिक दल हैन । खासमा यसको चर्चा मात्रै पनि समयको बर्बादी हो । तर, प्रवृतिका हिसाबले मात्र चर्चा गर्नुपरेको हो ।

कमरेड मोहनविक्रम सिंह 'सर्वहारा वर्गको मुक्ति' लागि दशकौंदेखि एउटा सानो र सक्किन लागेको कम्युनिष्ट समूह चलाइरहेका छन् । ९० वर्षका सिंह पार्टी महामन्त्री छन् । जीवनको उत्तरार्धमा उनको एउटै राजनीतिक उद्देश्य बाँकी छ, आफ्नी श्रीमतीका लागि एक सिट जोगाड गर्नु । चाहे प्रत्यक्षतिर होस् वा राष्ट्रिय सभातिर ।

दुर्गा पौडेल पनि गत चुनावमा प्युठानबाट हारेकी हुन् । तर, उनको चर्चा भने कमरेड मोहनविक्रम सिंहको राजनीतिक प्रवृति र नैतिकतासँग जोडेर भइरहेको छ ।

यो प्रश्न गर्नैपर्ने भएको छ– कमरेड सिंहले ९० वर्षको उमेरसम्म नेकपा (मसाल) को महामन्त्री भएर बसाउन खोजेको थिति के हो ? समाजलाई सिकाउन खोजेको संस्कार र राजनीतिक संस्कृति के हो ? यिनले बुझेको राष्ट्रिय सभाको गरिमा र मर्यादा के हो ? इतिहासमा यिनले बनाउन खोजेको स्थान के हो ?

परिवारवादको अर्को उदाहरण बनेकी छन्, जसपा उम्मेदवार पूजा चौधरी । उनले पिता गोविन्द चौधरीको साटो टिकट पाएकी छन् । सिटको कानूनी हैसियत नमिलेको कारणले बाबुले पाएको टिकट छोरीमा सार्नु न्याय हो कि परिवारवाद ।

यी त केही उदाहरण मात्र हुन्– सबै उम्मेदवारको पृष्ठभूमि केलाउँदै जाने हो भने यस्ता अनेक विकृति, विसङ्गति र विरोधाभास भेटिन्छन् । दलका झोले, नेताका आसेपास, हरुवा नेता, परिवारजनलाई जागिर दिने ठाउँ वडा सदस्यदेखि राष्ट्रपतिसम्मका पद छँदै थिए त ? यो एउटा राष्ट्रिय सभालाई पनि उस्तै बनाउन के जरुरी थियो ? यो तरिकाले राष्ट्रिय सभाको औचित्य पुष्टि हुनै सक्दैन । राष्ट्रिसभा जनआक्रोशको तारोमा परेर खारेज हुनुपर्ने अवस्था आउन सक्दछ ।

संसारभरिको लोकतन्त्रमा माथिल्लोसभाको आफ्नो भिन्नै इज्जत, गरिमा र मर्यादा छ, हुन्छ । हामी कहाँ भने यो अर्थ न बर्थको एक असान्दर्भिक तथा गुणस्तरहीन संस्था तथा अनावश्यक बोझ बन्ने जोखिम बढेको छ ।

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**पिपरा गाउँपालिका महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मठिहानी नगरपालिका, महोत्तरी**

# औरहीमा दुईवटा मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु, दुई गम्भीर

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**
**पुस २४ गते, महोत्तरी**




महोत्तरीको औरहीमा दुई मोटर साईकल एक आपसमा ठोक्किदा दुई जनाको मृत्यु भएको छ। बाक्लो हुस्सु लागेका कारण विपरीत दिशाबाट आएको दुई मोटरसाइकल चालकले एकअर्कालाई नदेख्दा आपसमा ठोक्किएर दुर्घटना भएको हुन सक्ने अनुमान गरिएको छ।

बर्दिबास-जलेश्वर सडक खन्डमा पर्ने औरही नगर पालिकामा सोमवार राति दुई मोटरसाइकल एक आपसमा ठोक्किँदा दुवै मोटरसाइकल चालकको मृत्यु भएको र पछाडि सवार दुई जना गम्भीर घाइते भएको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले बताए।

औरही नगरपालिका-१ वडा कार्यालय नजिक सोमबार राति ९ बजे बर्दिबासबाट रामगोपालपुर तर्फ जाँदै गरेको प्रदेश २-०२-००४प १८४० नम्बरको पल्सर मोटरसाइकल र रामगोपालपुरबाट बर्दिबास तर्फ आउँदै गरेको ज ११ प ८०९९ नम्बरको डिस्कभर मोटर साइकल ठोक्किएर दुर्घटना भएको हो।

दुर्घटनामा पल्सर मोटरसाइकल चालक रामगोपालपुर नगर पालिका थली विर्ताका ३० वर्षीय मुकेश चमार र डिस्कभर मोटरसाइकल चालक भंगहा नगरपालिका-४ विर्ता पलारका ३२ वर्षीय धर्मेन्द्र महतोको मृत्यु भएको हो। दुर्घटनामा परेर गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि बर्दिबासस्थित शुभस्वस्तिक अस्पतालमा प्रहरीले पुर्यातएको थियो। गम्भीर घाइते दुवै जनाको केही बेरमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घाइते हुनेमा भंगहा नगरपालिका - विर्ता पलारका ३१ वर्षीय श्रीराम गोसाई र बर्दिबास नगर पालिका प्रेमनगरका २६ वर्षीय प्रदीपकुमार यादव रहेका छन्।

# तराईलाई हुस्सु र कुहिरोले ढाक्यो, जनजीवन कष्टकर



**खबर दर्पण समाचारदाता**
**पुस २४ गते, महेन्द्रनगर**

चिसो बढेपछि तराईको जनजीवन कष्टकर बन्दै गएको छ। हुस्सु र कुहिरोसँगै शीत लहर चलेपछि तराईको जनजीवन थप कष्टकर बनेको हो। दिनभरि लाग्ने हुस्सु र कुहिरोका कारण पछिल्लो समय घाम देखिन छाडेको छ। चिसोबाट वृद्धवृद्धा, बालबालिका र दैनिक मजदुरी गरेर जीविका चलाउने वर्ग बढी प्रभावित भएका छन्। आज पनि बिहानैदेखि तराईका अधिकांश ठाउँमा हुस्सु र कुहिरो लागेको छ।

तराई मधेशका भूभागमा आज बिहानीपख हुस्सु र कुहिरो लागे पनि दिउँसोदेखि क्रमिक सुधार हुँदै जान सक्ने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

तराई मधेशमा बढेको चिसोले स्वास्थ्य, यातायात तथा हवाई यातायातमा प्रभाव पर्न सक्ने भएकाले सतर्कता अपनाउन पनि महाशाखाले अनुरोध गरेको छ। हुस्सु कुहिरोले सडक ढाकेपछि सवारी दुर्घटना बढ्न थालेको छ।

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।


**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

सडक हामी सबैको साँझा सम्पती हो। सडक सिमा अतिक्रमण नगरौं। सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं। निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं। सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं।

**औरही नगरपालिका**
**महोत्तरी**

**R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ**

सलार १२-३, डंकी ३-६ र सलार ७-१० बजे







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा